# डिजिटल सिकाई सामग्रीका लागि आइडिया निकाल्ने उपाय

## उद्देश्य:

- सहभागीहरूलाई सोच्ने शैली, माईण्ड म्याप्स (mind maps), र माईण्ड म्याप्सहरू समायोजन गरी आइडिया निकाल्ने तरिकासँग परिचित गराउने
- सहभागीहरूलाई समुहमा सहकार्य गरी उपायहरू निकाल्ने तरिकाको अनुभव गराउने

## वर्कसप पूर्व गर्नुपर्ने कामहरू:

- मिरो बोर्ड (Miro Board) तयार पार्नुहोस्
  नोट: कार्यशालामा *Miro* को उपयोग गर्नको लागी सहजकर्ताले माथी लिंक गरिएको बोर्ड जस्तै एउटा बोर्ड बनाउनु आवश्यक छ। यो भिडियोले कार्यशालाहरुको लागी *Miro* को उपयोग गर्न सिकाउँछ ।

- प्रस्तुत गर्ने स्लाईड खोल्नुहोस्

- क्रियाकलाप गराउँदा प्रयोग गर्नका लागि निम्न कार्यपुस्तिकाहरू ठिक पारेर राख्नुहोस्
  - ७ लाईनको कथा
  - मैले सोच्ने गर्थें... र म अब सोच्छु...

## सहजकर्ताका लागी नोट:

- यदि तपाई मिरो जस्तै हवाइटबोर्ड टूल प्रयोग गर्दै हुनुहुन्छ भने  सुनिश्चित गर्नुहोस् कि सहभागीहरु यस साधनसंग परिचित छन्। तपाइँ कार्यशाला को शुरुवातमा मिरो सँग परिचय गराउन एक छोटो २०-३० मिनेटको सत्र गर्न सक्नुहुन्छ, र त्यस पछी कार्यशाला को प्रवाहसंग अघि बढ्न सक्नुहुन्छ।
- भौतिक कार्यशालामा व्हाइटबोर्ड एप्लिकेसनको उपयोग गर्न सम्भव छैन भने तपाइँ स्टिकी नोट्स र न्यूजप्रिन्ट कागजको प्रयोग गरी सबै काम भौतिक रूपमै गर्न पनि सक्नु हुन्छ।
- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग  निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको  *"**theme 2: Creating Digital Contents**"*मा हेर्नुहोस्।

## प्रयोग हुने प्रविधि

- मिरो (Miro)

# कार्यतालिकाः

| विषय | उद्देश्य | विवरण |
|---|---|---|
| परिचय र एनर्जाइजर<br><br>१५ मिनट | सहभागीहरूलाई कार्यशालाको लागि उत्साहित बनाउने। | सहजकर्ताहरूको परिचय दिई संक्षिप्त रुपमा कार्यशालाको जानकारी दिनुहोस्: प्रत्येक गुणस्तरीय शिक्षण सामग्री राम्रो आइडियाबाटै शुरू हुन्छ। यस कार्यशालामा हामी तपाईँलाई राम्रा आइडियाहरू निकालन मद्दत गर्ने केहि प्रमाणित तरिकाहरू सिकाउनेछौँ<br><br>एनर्जाइजरको लागि ७ लाइनको कथा प्रयोग गर्नुहोस्।<br><br>सहजकर्ताको लागि नोट: यस क्रियाकलापको बारेमा विस्तृत जान्नको लागी ७ लाइनको कथा गतिविधि सिटमा हेर्नुहोला<br><br>एनर्जाइजर गरेपछि कार्यशालाको मुख्य सारमा जोड दिनुहोस्: स्वतस्फूर्तरुपमा विचारहरू प्रस्तुत हुँदा अनपेक्षित रुपमा राम्रा उपाय र विचारहरू आउन सक्छन् र संरचनाले सृजनात्मकताका लागि ठाँउ बनाउन सक्छ । |
| माईण्ड म्याप्सको परिचय<br><br>५/२० मिनेट | सहभागीहरूलाई माईण्ड म्याप्स (Mind Maps) सँग परिचित गराउने। | सहजकर्ता - अघिल्लो क्रियाकलापको सन्दर्भ लिई "माईण्ड म्याप्स हामीलाई सृजनात्मक हुन सहयोग गर्ने एक साधारण तरिका हो भनी माईण्ड म्याप्सको परिचय दिनुहोस्।<br><br>सोध्नुहोस् - तपाईँलाई माईण्ड म्याप्सको बारेमा केही थाहा छ? सहभागीहरू यो नामसित अपरिचित छन् भने उनिहरूलाई यसको अर्थ अनुमान गर्न लगाउनुहोस् ।<br><br>सहभागीहरूलाई माइन्ड म्यापको १ मिनेटको भिडियो देखाउनुहोस् र फेरी माइन्ड म्याप के होला भनि अनुमान गर्न लगाउनुहोस्।<br><br>सहभागीहरूको विचारहरूलाई कदर गर्नुहोस् । माइन्ड म्यापको व्याख्या नगरी छलफलको माध्यमबाटै सहभागीहरूलाई यसको अर्थ निकाल्न सहयोग गर्नुहोस्। |
| परिक्षण क्रियाकलाप<br><br>२०/ ४० मिनेट | सहभागीहरूलाई माइन्ड म्याप बनाउने अनुभव प्रदान गर्ने। | सहजकर्ता - माइन्ड म्यापको बरेमा अझै जान्ने सजिलो तरिका भनेको यसको प्रयोग गर्नु नै हो , यो क्रियाकलापमा हामी यसको प्रयोग गर्नेछौं।<br><br>सहभागीहरूलाई ३-४ जनाको समूहमा विभाजन गर्नुहोस्। प्रत्येक समुहहरूलाई केन्द्र मा "फलफूल" लेखेको एउटा कागज तयार पार्न लगाउनुहोस । क्रियाकलाप सुरू भएपछि त्यस नोटमा फलफूल शब्दले स्वतस्फूर्त  रुपमा सम्झाउने शब्दहरू थपी माईण्ड म्याप तयार गर्न भन्नुहोस् ।<br><br>सहजकर्ताको लागि नोट: मिरोसंग माइंडमैपिंगको बारेमा अरु जान्नको लागी यो भिडियो हेर्नुहोस्। |

| | | |
|---|---|---|
| | | माईण्ड म्याप गर्ने मिरो बोर्ड स्क्रिनमा देखाउनुहोस्, मिरो बोर्डको लिङ्क सबैलाई पठाई एउटा संक्षिप्त डेमो पनि दिनुहोस् ।<br><br>माईण्ड म्यापको लागी ५ मिनेट समय दिनुहोस्। माईण्ड म्याप गर्दा निम्न कुराहरूमा जोड दिनुहोस्।<br><br>• आफ्नो र साथीहरूको जस्तो सुकै विचारलाई पनि स्थान दिने<br>• कुनै विचारलाई शुरूमै राम्रो-नराम्रो नभन्ने<br>• विचारको गुणस्तर भन्दा मात्रामा ध्यान दिने<br>• दिमागमा आएको कुरा लेखिहाल्ने<br>• मौलिक र अनौठा विचारहरूलाई प्रोत्साहित गर्ने<br><br>काम सम्पन्न भएपछि केहि सहभागी स्वयंसेवकहरूलाई माईण्ड म्याप्स गर्दाको अनुभव सोध्नुहोस् । उनीहरू उठाएका विचारमा आधारित भएर माईण्ड म्याप गर्दा ध्यानदिनुपर्ने कुराहरू फेरि भन्नुहोस् । |
| माईण्ड म्याप बनाउने<br><br>२५/६५ मिनेट | सहभागीहरूलाई ठूलो समस्यालाई साना साना विषयहरूमा विभाजित गर्न लगाउने।<br><br>सहभागीहरूलाई आफूलाई मन परेका विभिन्न विषयमा माईण्ड म्याप्स बनाउन लगाउने। | सहजकर्ता - हामी हाम्रो पहिलो शैक्षिक सामग्रीको तयार पार्न माईण्ड म्याप्सको प्रयोग गर्दै छौं । पहिला ५ मिनेटको समय लिई कस्तो उद्देश्य (वा समस्या) लिएर सामग्री बनाउने निर्णय गर्नुहोस् । शैक्षिक सामग्रीका केहि उदाहरणहरू:<br>• आमाबाबुलाई बच्चाको मानसिक स्वास्थ्यको बारेमा जागरूक बनाउन<br>• युवाहरूलाई वातावरण प्रति जिम्मेवार महसुस गराउन<br><br>५ मिनेट पछि प्रत्येक समूहलाई आफूले समाधान गर्न चाहेको समस्या वा आफ्नो उदेश्य भन्न लगाउनुहोस् । यदि कुनै समूहहरूले अझै पनि आफ्नो सिकाई सामग्रीको उदेश्य निर्णय गर्न सकेका छैनन् भने आफैंले एउटा उदेश्य प्रदान गर्नुहोस्।<br><br>सहजकर्ता - अब हामीले लिएको समस्यालाई दुई विषयहरूमा विभाजन गर्छौं: उदाहरणको लागी, आमाबाबुलाई बच्चाको मानसिक स्वास्थ्यको बारेमा जागरूक बनाउने उदेश्यलाई "अभिभावकत्व" र "बच्चाको मानसिक स्वास्थ्य"मा विभाजित गर्न सकिन्छ। यदि तपाईँसँग धेरै समय छ भने तपाइँको उदेश्यलाई दुई भन्दा बढी भागहरूमा पनि विभाजित गर्न सक्नुहुन्छ। यो सत्रमा भने हामी हरेक समस्यालाई २ विषयहरूमा मात्र विभाजन गर्छौं।<br><br>सबै समूहहरूले आफ्नो समस्यालाई दुइ विषयमा छुट्ट्याइसके पछि ती विषयका बारे समूहलाई सुनाउन लगाउनुहोस्। ती दुइ विषयहरू मिलाउँदा ठ्याक्क समस्या झल्किनु पर्छ। कुनै विषयहरू सिकाई सामग्रीसँग अमिल्दो लागेमा सान्दर्भिक विषयहरू सोच्न मद्दत गर्नुहोस् ।<br><br>मिरो बोर्डको लिङ्क साझा गर्नुहोस्। सहभागीहरूलाई १५ मिनेट समय दिई दुबै बिषयहरूको माईण्ड म्याप्स |

| | | |
|---|---|---|
| | | तयार गर्न लागाउनुहोस् । ८ मिनेट पछि उनीहरूलाई दोस्रो विषयमा काम सुरू गर्न भन्नुहोस्। सहभागीहरूलाई छिटो काम गर्न प्रेरित गर्नुहोस् । माईण्ड म्याप्स बनाउँदा खुल्ला रुपमा सोच्नु पर्ने, र ठिक-बेठिक सोच्न नथाली सबै खाले विचारहरूलाई स्थान दिने कुरा उनीहरूलाई सम्झाउनुहोस् । |
| माईण्ड म्याप्सहरूको समायोजन<br><br>२०/८५ मिनेट | सहभागीहरूलाई उनिहरूले बनाएको माईण्ड म्याप्सहरूलाई सम्मिश्रण गर्न लगाउने।<br><br>सम्मिश्रण गरिएको माईण्ड म्याप्सहरूबाट नयाँ उपायहरू निकाल्न लगाउने। | सहजकर्ता - अब हामी दुई माईण्ड म्याप्सहरूलाई मिलाएर हाम्रो समस्यालाई हल गर्न विभिन्न उपायहरू निकाल्ने छौं ।<br><br>सहभागीहरूलाई आफ्नो सिकाई सामग्रीको उदेश्य एउटा नोटमा लेखेर कागजको बिच्चमा राख्न भन्नुहोस्। यस चरणमा उनीहरूले तल दिइएका कामहरू गर्नेछन् ।<br>• आफ्नो समुहले बनाएका दुई वटा माईण्ड म्याप्सको अध्ययन गर्ने<br>• माईण्ड म्याप्सबाट सान्दर्भिक विचारहरू छान्ने<br>• सान्दर्भिक विचारहरूलाई उदेश्य लेखिएको नोटको वरिपरि लैजाने<br>• उस्तै उस्तै उपाय/विचारहरूको सँगै-सँगै समुह बनाएर राख्ने<br>• काम गर्दैगर्दा नयाँ उपायहरू आएमा लेख्ने<br><br>सहजकर्ताको लागि नोट: मिरोसंग माईण्ड म्याप्सहरूको समायोजनका बारेमा अरु जान्नको लागी यो भिडियो हेर्नुहोस्।<br><br>सहभागीहरुले यो गतिविधि त्यही मिरो फ्रेममा जारी राख्छन जसमा उनीहरुले माइन्डम्याप बनाएका थिए। आफ्नो स्क्रिन देखाई यो क्रियाकलापको संक्षिप्त डेमो प्रदान गर्नुहोस्। सहभागीहरूलाई यस कामको लागी १० मिनेट समय दिनुहोस्।<br><br>सहभागीहरूले यो काम सकेपछि फेरि आफ्नो स्क्रिन शेयर गर्नुहोस् र दुइ विषयका म्यापहरूको अध्ययन गरी अझै बढि आइडियाहरू कसरी निकाल्न सकिन्छ, देखाउनुहोस्।<br><br>सहभागीहरूलाई आफ्नो समूहले बनाएको दुइवटा माईण्ड म्याप्स हेरेर उनिहरूको उदेश्यलाई सम्बोधन गर्ने आइडियाहरूका बारे छलफल गर्न लगाउनुहोस् । ५-१० वटा उपायहरू निस्किएपछि, समूहमा छलफल गराई सबैभन्दा उपयुक्त केहि उपायहरू छनोट गर्न लगाउनुहोस् । यस क्रियाकलापको लागी ५ मिनेटको समय दिनुहोस् । |
| सिकाई उपलब्धि<br><br>१०/९५ मिनेट | सहभागीहरूलाई सत्रमा भएका कुराहरू याद गर्न लगाउने। | सहभागीहरूलाई "मैले सोच्ने गर्थें... र म अब सोच्छु..." (I used to think____ and I now think_____) सोच्ने शैली प्रयोग गरी यस सत्रमा सिकेको कुराहरूका बारे सोच्न लगाउनुहोस् । |

| | | |
|---|---|---|
| | सहभागीहरूले सत्रमा सिकेका कुराहरू प्रस्तुत गर्न लगाउने। | संचालकको लागी नोट: यस क्रियाकलापको बारेमा विस्तृत रूपमा जान्नको लागि गतिविधि सिट हेर्नुहोस्।<br><br>सत्रको अन्त्य गर्नु भन्दा पहिले खूल्ला रूपमा सोच्नुको फाईदाहरू भन्नुहोस् । तल दिईएका कारण सहित लिस्ट बनाउनु भन्दा यो तरिका उत्कृष्ट छ भनेर बताउनुहोस्:<br>● खूला रूपमा सोच्दै, माईण्ड म्याप्स गर्दा पुराना विचारहरूले नयाँ विचार प्रेरित गर्छन्<br>● लिस्ट बनाउनु भनेको उपायहरू निकाल्न भन्दा पनि कुराहरू सम्झिनको लागि उपयुक्त तरिका हो<br><br>डिजिटल सिकाई सामग्रीहरू निर्माणमा नयाँनयाँ उपायहरूको महत्व मा जोड दिनुहोस्। सामग्रीको नवीनताको कारण सफल भएका अनलाइन सामग्रीहरू र त्यसका रचनाकारहरूका केहि उदाहरण दिनुहोस् । सहभागीहरूलाई पनि यस्ता समग्रीहरूको बारेमा जानकारी छ भने सुनाउन लगाउनुहोस् । |